# आठराई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
संक्रान्तिबजार, तेह्रथुम

## करार सेवामा पदपुर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०९/०३

यस आठराई गाउँ कार्यपालिका पदपुर्ति समितिको निर्णय अनुसार देहायका पदहरूमा करार सेवामा पदपुर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रीतपूर्वक दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी आएका दरखास्तउपर कुनै कारवाही हुने छैन।

| सि.नं. | वि.न | पद | तह/श्रेणी | सेवा | समुह | किसिम | संख्या | कै |
|---|---|---|---|---|---|---|---|---|
| १ | १०८/२०८०/०८१ | सूचना प्रविधि अधिकृत | छैठौं | विविध | | खुला | १ | |
| २ | १०९/२०८०/०८१ | ल्याब असिस्टेन्ट | चौथो | स्वास्थ्य | मेडिकल ल्याब टेक्नोलोजी | खुला | १ | |

१) **आवश्यक योग्यता:-**

क) सूचना प्रविधि अधिकृतका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्वन्धित विषयमा स्नातक तह वा सो सरह उतीर्ण।

ख) ल्याब असिस्टेन्टको हकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण गरी कम्तिमा १ बर्ष ३ महिनाको ल्याब टेक्निसियन सम्बन्धी तालिम प्राप्त गरेको र नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको हुनु पर्नेछ।

२) **दरखास्त दिने अन्तिम मितिमा उमेर:-**

क) २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको) हुनुपर्नेछ।

३) **करार अवधि:** २०८१ आषाढ मसान्तसम्म (कार्य सम्पादन मूल्याङ्कनको आधारमा म्याद थप हुन सक्ने)

४) **तलब:** प्रचलित स्केल बमोजिम हुनेछ।

५) **आवश्यक कागजातहरू:** (सम्पूर्ण कागजातहरू उम्मेद्वार आफैंले प्रमाणित गरी पेश गर्नुपर्नेछ)

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति,

ख) पासपोर्ट साईजको फोटो ३ (तीन) प्रति,

ग) सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रतिलिपि १/१ प्रति,

घ) सम्बन्धित परिषद्मा दर्ता हुनुपर्ने पदको उम्मेद्वारको हकमा परिषदमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

ङ) नबिल बैंक लिमिटेड, संक्रान्तिबजार शाखाको ग-१-१ आन्तरिक राजस्व खाता नं. १९५०१०१७५०००३८ मा दरखास्त दस्तुर बुझाएको भौचर,

च) कार्य अनुभव र तालिम भए सोको प्रमाणपत्र प्रतिलिपि १/१ प्रति ,

६) **आवेदन दस्तुर:** अधिकृत स्तरका लागि रु.१,०००।-, सहायक स्तर चौथोको लागि रु.५००।–

७) **दरखास्त दिने अन्तिम मिति:** २०८०/०९/१८ गते कार्यालय समयभित्र।

८) **काम गर्नुपर्ने स्थान:** कार्यालयले तोके बमोजिम।

९) **परीक्षाको किसिम:** कार्यविधि बमोजिम सूचीकरण, लिखित, प्रयोगात्मक र अन्तर्वार्ता।

१०) **परीक्षा मिति र स्थान:** पछि प्रकाशित गरिनेछ। अन्य कुराहरू प्रचलित कानून बमोजिम हुनेछ। थप जानकारीका लागि ९७६५४६६८८८ मा सम्पर्क राख्न सकिनेछ।

निराज शर्मा
प्रमुख प्रशासकीय अधिकृत